# राहुघाट खोला सेरो-फेरो युके

# Rahughat Khola Sero-Fero UK

**Estd: - 2008**

## नवौं बार्षिक साधारण सभा-2017 को छोटो रिपोर्ट

मिति **२०१७ जुन १७, शनिवारको** दिन, Aldershot मा राहुघाट सेरो-फेरो यु.केको बिधि-बिधान अनुसार हरेक बर्षमा हुने **"नवौं बार्षिक साधारण सभा - २०१७"** अध्यक्ष, **श्री रत्न बहादुर शाही** ज्युको अध्यक्षतामा सफलताको साथ् सम्पन्न भयो। यस सभामा **उपस्थित** जनाउनु भएको सम्पर्ण महानुभावहरुको संख्या माईनटिङ्ग बुकमा हस्ताक्षर गरेको मात्र 86 सदस्य पुगेको थियो भने **अनुपस्थितिको** माफी माग्ने सदस्यहरु 11 जना हुनु हुन्थ्यो।

यसरी आ-आफ्नै व्यस्तताको बाबजुद पनि **समाज प्रति माया, स्नेह, सल्लाह, सुझाव र सदभाव** राख्दै उपस्थित भएर अथवा नभएर पनि **Agenda Points** सहित आ-आफ्नो **बिचार-धाराहरु** पठाउनु अथवा राख्नु हुने सम्पूर्ण बुद्दिजिवी सदस्य वर्गहरुमा मेरो आफ्नो व्यक्तिगत तर्फ बाट र समाजकै तर्फ बाट धेरै **धन्यवाद सहित गहिरो आभार** प्रकट गर्न चाहन्छु।

यसरी हजुरहरुले पठाउनु भएको विभिन्न Agenda हरु उपर छलफल गर्दा, अधिकांस उपस्थित सदस्यहरुले अथवा साधारण सभामा सामुहिक सहमतिले **कुन Agenda कसरी निर्णय** गर्यो भनेर यो छोटो रिपोर्ट देहायेका बमोजिम छन्:

---

यस दिनको कार्यक्रम मुख्य गरेर निम्न अनुसार **4 चरणमा** सम्पन्न भएको थियो:

1. **पहिलो चरण - उद्घाटन सत्र**
2. **दोस्रो चरण - बार्षिक प्रगति, आर्थिक र प्रोपर्टी प्रतिबेदन**
3. **तेस्रो चरण - विभिन्न एजेन्डा माथि छलफल**
4. **अन्तिम चरण - दु:ख सुखको बाच्-चित सहित खान-पिन।**

---

### 1. पहिलो चरणको कार्यक्रम – "उद्घाटन सत्र"

यस सभाको प्रारम्भिक चरणमा सचिव बाट Fire, Health & Safety, Administrations, Condition of meeting, **आसन ग्रहण, अध्यक्षता ग्रहण, दिप प्रज्वलन, मौनधारण** जस्ता कार्यक्रम हरुको सम्पन्न भए लगतै समाजको **बरिष्ठ उपाध्यक्ष श्री हिरा बहादुर रोका** ज्यु बाट **स्वागत मन्तव्य** पश्च्यात **आधिकारिक** रुपले कार्यक्रम अगाडी बढाउन सचिव लाई इजाजत दिएको घोषणा गर्नु भयो।

यस बार्षिक सभामा पेश भएका प्रस्तावहरु उपर व्यापक रुपमा छलफल गर्दै देहाएका बमोजिम सर्बसम्मत (सभा) ले पारित गरेको थियो:

'राहुघाट खोला सेरो-फेरो युके' AGM 2017

## निर्णय नं. १. बार्षिक प्रतिवेदन २०१६ /२०१७:

यस बार्षिक प्रतिबेदनको विवरण दिंदै गर्दा यी तलका बिषय हरुलाई प्राथामिकता दिइएको थियो:

1. Total Life Members - 268
2. Active Life Members - 221
3. Child Life Members - 03
4. Resigned Members - 42
5. Life Membership “STOP” - 02
6. Deceased Members - 17
7. Annual Party 2016 - 01
8. Committee Meeting - 01
9. AGM 2017 - 01

## निर्णय नं. २. आर्थिक प्रतिवेदन २०१६ /२०१७:

समाजको कोषाध्यक्ष श्री नगेन्द्र पाईजा ज्युको निर्देशन अनुसार सचिव ज्यु मार्फत यस आर्थिक बिषयको विवरणलाई प्रस्ट्याए पछि सर्बसम्मतले ताली बजाएर पारित गरियो:

1. Membership Fee - £2,680.00
2. Cultural Fund - £ 832.80
3. Web Site Fund - £ 76.18
4. Funeral Fund - £2,330.00
5. Late Entry Charge - £1,520.00
6. Party Function Fund - £ 301.97
7. Hall Booking (paid) - £ 250.00

**Grand Total Fund - £7,990.95**

## निर्णय नं. ३. भौतिक सम्पति (Assets) प्रतिबेदन २०१६ /२०१७:

समाज सेवी बिचार भएको व्यक्तिहरुबाट चन्दा दिएको पैसाले खरीद गरेको समानहरु प्रोपर्टी संयोजक श्री जुन बहादुर पुर्जाको विवरण अनुसार यी तल दिइएको छ:

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 1. | मादल | - | 1 | 10. | चेस्ट ब्याज | - | 10 |
| 2. | दौरा सरुवाल | - | 2 | 11. | महिलाको ब्याज | - | 10 |
| 3. | नेपाली झन्डा | - | 2 | 12. | सिरबन्दी (गहना) | - | 6 |
| 4. | समाजको ब्यक्ड्रोप | - | 1 | 13. | सेतो साल र पाउजु | - | 6, 6 |
| 5. | स्ट्याम्प | - | 2 | 14. | हरियो लुंगी | - | 6 |
| 6. | फ़ोल्डर | - | 1 | 15. | रातो र कालो चोलो | - | 6 |
| 7. | बिधान (नेपाली र अंग्रेजी) | - | 2 | 16. | निलो र पहेलो पटुकी | - | 6, 6 |
| 8. | हरियो पोते | - | 6 | 17. | तमांग सेलो पटुकी र फरिया | - | 6, 6 |
| 9. | रातो र हरियो फरिया | - | 6 | 18. | वेस्ट कोट र कालो नेपाली टोपी | - | 6, 6 |

**निर्णय नं. ४. विधान संशोधन:**

समाजलाई फाईदा हुनेगरि बिधानको बिषयमा छलफल गर्दा यी तल दिएको भाग संशोधन गरिएको छ:

**परिच्छेद् - 4**

**दफा -1.0 (सदस्यताबाट राजीनामा",**

**उप-दफा - (ग):)**

यो संस्थाको सदस्यता बाट राजीनामा गर्ने इरादा भएमा या जरुरी परेमा राजीनामा गर्नु सक्नु हुनेछ तर यदि यो समाजबाट फाइदा या सहयोग पाईसक्नु भएको छ भने आफुले प्राप्त गरेको जम्मा रकम बाट, अरु सदस्य निधन हुदा तिरेको पैसा घटाएर, बाकि सबै रकम बुझाए मात्र राजिनामा गर्न पाउनेछ अन्यथा **UK Civil Court** मा उजुर गरिने छ। *(WEF - Sat, 17. June. 2017)*

**निर्णय नं. ५. Passage of Information (chain):**

जुनै पनि समाचारहरु समाजलाई जानकारी गराउनु पर्दा समाजको स्थापित काल-खण्ड देखिनै **मूल कार्यसमितिले** हरेक **गाउँको र क्षेत्रको प्रतिनिधि लाई** र गाउँ र क्षेत्रको **प्रतिनिधिहरुले आ-आफ्नो गाउँको सदस्य तथा परिवारहरुलाई** जानकारी गराउदै जाने सिस्टम राखेका छौं, समाजले यसैलाई नै निरन्तरता दिंदै आएका छ।

साथै इमेल/वेबसाईट (Email/Website) मार्फत पनि प्रसारण गरिएको हुन्छ जसमा प्राप्त गर्ने सदस्यहरुले Email Access नभएका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउन पनि अनुरोध गरेको जानकारी भयो।

***Passage of Information को रेखाचित्र यस प्रकारको छ:***



**निर्णय नं. ६. Website को निरन्तरता:**

समाजको **उपाध्यक्ष श्री जित बहादुर पुन ज्युले** समाजको वेबसाईट **१ बर्ष** संचालन गर्नुको लागी **£100.00** स्पोन्सर गर्नु भएको छ र वहाको सहयोग र सदभाव प्रति समाज हार्दिक कृतज्ञता प्रकट गर्दछ।

**निर्णय नं. ७. Name list of Graduation:**

यस समाजको सम्पूर्ण गा.बि.स. तथा क्षेत्र प्रतिनिधिहरुले स्नातक तहका उपाधि प्राप्त गर्ने तथा सम्मानित गरिनु पर्ने सम्पूर्ण व्यक्ति तथा नानीहरुको नाम सचिवलाई उपलब्ध गराउने र यदि नाम उपलब्ध नभएको कारणले समाजबाट सम्मान नभएमा समाज जिम्मेवारी नहुने पनि निर्णय भयो।

**निर्णय नं. ८. Cultural Programme & Advance PA system:**

यस बर्षको भेटघाट कार्यक्रममा Cultural Programme संचालन गर्ने समाजको युवा क्लबलाई जिम्मेवारी दिइएको छ। जसमा **£350.00** को Advance PA System Book भएको अवस्था युवा अध्यक्ष श्री गङ्गा पुर्जाले बताउनु भयो र यस PA System लाई स्पोन्सर गर्ने महान व्यक्तिहरु निम्न प्रकारको हुनुहुन्छ:

**१. श्रीमान/श्रीमती जित बहादुर पुन (सल्लाहकार) - पाखापानी -£150.00**
**२. श्रीमान/श्रीमती हिरा रोका (बरिष्ठ उपाध्यक्ष) - कुहुँ - £100.00**
**३. श्रीमान/श्रीमती गंगा पुर्जा (युवा अध्यक्ष) - बेगखोला - £100.00**

वहा हरुको माया, स्नेह, सहयोग र सदभाव प्रति समाज हार्दिक कृतज्ञता प्रकट गर्दछ।

**निर्णय नं. ९. प्रतेक बर्ष AGM (बार्षिक साधारण सभा) & Annual Get-together (बार्षिक भेटघाट):**

बार्षिक साधारण सभा र बार्षिक भेटघाट हरेक बर्ष संचालन गर्ने कि नगर्ने भन्ने बिषय उपर छलफल गर्दा बार्षिक भेटघाट र बार्षिक साधारण सभा दुवै कार्यक्रम हरेक बर्ष गर्ने निर्णय भयो।

**निर्णय नं.१०. महिला विभागको बार्षिक देउसी भैलो कार्यक्रम:**

महिला विभागले हरेक बर्ष भैलो कार्यक्रम संचालन गर्ने निवेदनलाई यस सभाले विभिन्न कठिनाईहरुको कारणले गर्दा **यो एक बर्ष** संचालन गरेर विचार गर्ने र अर्को बर्षको लागि अर्को AGM 2018 मा निर्णय गर्ने पारित गर्यो र यस बर्ष **07 Oct 2017 शनिवारको** दिन बार्षिक भेटघाट पार्टी हुने ठाउँमा कार्यक्रम हुने निर्णय भयो।

**निर्णय नं.११. आगामी भेटघाट (पार्टी) को कार्यक्रम:**

यस बर्षको भेटघाट (पार्टी), **19 अगस्त 2017 शनिवारको** दिन गतबर्ष भएको स्थानमा भन्दा **फरक स्थानमा** हुने भएको उपाध्यक्ष श्री जित बहादुर पुन ज्युले जानकारी गराउनु भयो।

In General, पार्टीको बिषयमा Detail & Tasks भने सबैलाई जानकारी गराउदै Detail Instructions पार्टी हुने बेलामा समाजको इमेलमा साथै वेब साईट (Web-Site) मा राख्ने निर्णय भयो।

यस बर्षको पार्टी हुने **स्थानको ठेगाना** यसप्रकारको छ:

**Connaught Leisure Centre**
**Tongham Road Aldershot**
**GU12 4AS**

## Raffle Prizes Sponsors:

बिगतका बर्षहरुमा झैं यो बर्ष पनि अत्यन्त दयालु व्यक्तिहरुबाट **5 वटा Raffle Prize** हरुको sponsor गर्नु भएको छ र वहा हरु हुनुहुन्छ:

1. **Mr. & Mrs. Do Bahadur Garbuja (Bega) - 1st Prize**
2. **Mrs. Bimala Garbuja (Dagnam) - 2nd Prize**
3. **Mrs. Tara Purja (Bega) - 3rd Prize**
4. **Mrs. Ya Maya Garbuja (Bega) - 4th Prize + खादा पनि Sponsor गर्नु भएकोछ**
5. **Mrs. Seti Maya Tilija (Chimkhola) - 5th Prize**

## Sponsors for Annual Party 2017:

1. **Mr. Anil (Restaurant) - £300.00**

## Sell Roti:

**महिला बिभाग London ले तयारी गर्ने निर्णय भएको छ।**

जति पनि स्पोन्सर गर्ने **महान र आँटिलो** व्यक्तित्व हरु हुनु हुन्छ वहा हरुको माया, स्नेह, सहयोग र सदभाव प्रति समाज हार्दिक कृतज्ञता प्रकट गर्दछ।

## निर्णय नं. १२ नया कार्यसमिति:

दोस्रो कार्यकाल सम्पन्न गरी समाजलाई एकदमै उच्च स्तरमा लैजादै गरेको बर्तमान अध्यक्ष **श्री रत्न बहादुर शाही** ज्युको रित्त हुदै गरेको अध्यक्ष पोस्टमा श्री **मोति बहादुर तिलिजा** ज्युलाई **सभाले मनोनित गर्यो** भने अरु विभिन्न पोस्टहरुमा आफ्नो **अबधिको कुरालाई टाढा राखेर**, **समाज सेवाको कुरालाई मुलभूत आधार र मान्यता** राख्दै धैरै जसो सदस्यहरुले कुनै न कुनै पोस्टको जिम्मेवारीको स्वीकार गरेका छन्। सम्पूर्ण नया कार्यसमितिको **नामावली, समान र अबधि सुरुवात** बार्षिक **भेटघाटको दिन** देखि मात्र प्रारम्भ हुने यहाहरुलाई जानकारी गराउदछौ।

## निर्णय नं. १३. बार्षिक साधारण सभा 2017 बिसर्जन:

यस सभाको सभापति (वर्तमान अध्यक्ष) **श्री रत्न बहादुर शाही** ज्युले सभामा उपस्थित हुने सम्पूर्ण सदस्यहरुलाई र वहाहरुले दिनु भएको बहुमुल्य **सल्लाह र सुझाव** प्रति स-धन्यवाद पस्कदै यस दिनको सभा आधिकारिक रुपमा बिसर्जन गर्नु भयो।

अन्तमा, यस **“नवौ बार्षिक साधारण सभा २०१७”** लाई सफल पारिदिनु भएको अवसरमा समस्त **बुद्दिजिवी र सदस्य वर्गहरुलाई** फेरिपनि, मेरो आफ्नो व्यक्तिगत तर्फ बाट र समाजकै तर्फ़ बाट धैरै धन्यवाद दिन चाहन्छु।

**~~~~~~End of the Short Report of 9th AGM –2017~~~~~~God Bless You~~~~~~**

*Dhan Bdr Pun*

धन बहादुर पुन

सचिव

राहुघाट खोला सेरो-फेरो यु.के

07727676808

*Copy to: File and Website*